# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बालुवाटार, काठमाण्डौं

**"Nepal Rastra Bank 60 years" नामक पुस्तक छपाई गर्ने सम्बन्धी**
**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७३/११/२७)**
दरभाउपत्र नं : "GSD/AU/SQ/06/73/74"

यस बैंकले ६० वर्ष पुरा गरेको अवसरमा "Nepal Rastra Bank 60 years" नामक पुस्तक (GSD/AU/SQ/06/73/74) छपाई गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिन (मिति २०७३/१२/११ गते दिनको १.०० बजे) सम्म दरभाउपत्र फाराम रु.५००।- (अक्षरेपी पांच सय मात्र) पछि फिर्ता नहुने गरी बुझाई सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट खरिद गर्न सकिनेछ। दरभाउपत्र मिति २०७३/१२/१२ गते (सो दिन सार्वजनिक विदा परेमा सोपछि कार्यालय खुलेको पहिलो दिन) मध्यान्ह १२.०० बजे भित्र सामान्य सेवा विभागमा आईपुग्ने गरी पेश गर्न सकिनेछ। दरभाउपत्र सोही दिन अपरान्ह २.०० वजे खोलिनेछ।

दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत रु.२३,०००।- (अक्षरेपी तेइस हजार मात्र) यस बैंकको बैकिङ्ग कार्यालय स्थित खाता नं ११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ। दरभाउपत्र सम्वन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ। दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौ.मा सम्पर्क राख्न सकिनेछ।

सामान्य सेवा विभाग
बालुवाटार